# भीरकोट नगरपालिकाको विनियोजन ऐन, २०८०

नगर सभाबाट स्वीकृत मितिः २०८०।०३।०८

**प्रस्तावनाः**

भीरकोट नगरपालिकाको आर्थिक बर्ष २०८०।८१ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भीरकोट नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " भीरकोट नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन सम्बत २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०।८१ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०।८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च (आय-व्यय विवरण) समेत गरी जम्मा रकम **रू. ७८ करोड ८२ लाख १६ हजारमा** नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।८१ को निमित्त भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाबाट बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकमान्तर गर्न सकिनेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा वढी शिर्षकहरुमा रकमान्तर गर्नु परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**<u>संचित कोषबाट विनियोजन हुने रकम</u>**

**(रू. हजारमा)**

| **सि.नं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूंजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | १४ करोड ३० लाख १६ हजार | १४ करोड ९१ लाख | | |
| २ | | वडा समिति | | ३ करोड ४२ लाख | | |
| ३ | | विषयगत शाखा | ४३ करोड ८५ लाख | २ करोड ५१ लाख | | |
| ४ | | ऋणको साँबा, ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| **जम्मा** | | | | | | |